बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# येषूले पाँच हजार मोनिसहरूलाई खुवाउनुभयो



लेखनः Edward Hughes

चित्रः Janie Forest
Alastair Paterson

संयोजनः Ruth Klassen

अनुवादः Mrs. Trifaina Subba

प्रकाशकः Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2020 Bible for Children, Inc.

अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

धेरै धर्म गुरूहरू (फरिसीहरू) येषूको विशयमा झूट बोलिरहेका थिए। कोहीले त मार्न
चाहिरहेका थिए।



उहाँ परमेष्वरको पुत्र हो भनेर तिनीहरूले विष्वास गरेनन्। उहाँले आष्चर्यकर्महरू गरेर देखाए पनि उनीहरूले उहाँलाई परमेष्वरको पुत्र हो भनेर विष्वासै गर्दैनन थिए।



एकदिन येषू गालील अर्थात तिबेरियस समुद्रको पारिपट्टि जानुभयो। उहाँले भीड़हरूदेखि केही विश्राम लिन चाहन्थे किनकि जहिले पनि भीड़ उहाँको साथमा हुनुहुन्थ्यो।



तर भीड़ले उहाँलाई चाँड़ै भेटिहाले। तिनीहरू येषूसंग हुन चाहन्थे किनकि उहाँले आष्चर्यकर्म गर्नुहुन्छ भनेर तिनीहरूलाई थाह थियो।



येषू ड़ाँड़ामाथि जानुभयो र त्यहाँ आफ्ना चेलाहरूसंग बस्नुभयो। धेरै धेरै मानिस त्यहाँ आए। त्यस समय खाना खाने समय भएको थियो किनकि सबैजना भोकाएको थियो।

येषूले भीड़लाई हेर्नुभयो। “हामी कहाँबाट रोटी किनौं र यिनीहरूलाई खानदिऔं?” भनेर फिलिपले भने। त्यहाँ कुनै खाना राख्ने ठाउँ थिएन्। येषूले के योजना बनाउनुभयो?



‘‘केही थोरै पाए तिनीहरूलाई खान पुग्न सक्छ’’ भनी फिलिपले उŸार दिए। येषू र चेलाहरूकहाँ धेरै पैसा थिएनन्।





अर्को चेला अन्द्रियसले (षिमोन पत्रुसको दाजू) येषूलाई भने, “यहाँ एउटा ठिटो छ, जससंग पाँच रोटी र दुइ माछा छन्।”

"...तर तिनीहरूका बीचमा यी के हुन् र?" अन्द्रियासले यो हेरेनन् कि सानो ठिटोको खानाले कति मानिसहरूले खान सक्छ- त्यस ठिटोले आफ्नो खाना येषूलाई इच्छाले दिएको छ।



येषूले भन्नुभयो, “मानिसहरूलाई बस्नलाऊ।” यसैले पुरूशहरू बसे अनि तिनीहरू पाँच हजार थिए। अहो! पाँच हजार! त्यहाँ स्त्रीहरू अनि नानीहरूलाई
लिएर होइनन्।



येषूले रोटी अनि माछा लिए। सानो ठिटोले येषूमाथि विष्वास गरे। ठिटोलाई थाह थिएन कि किन येषूले उनको खाना चाहन्थ्यो अथवा के गर्न चाहन्थ्यो। ठिटोले सोचे, ‘‘यदि मैले खाना लगे भने मैले खाना पाउनेछैन।’’

तर ठिटोले येषूलाई दिए।



त्यसपछि येषूले प्रार्थना गरी धन्यवाद चढ़ाए। पाँचवटा रोटी अनि दुइ माछाको लागि? हो! येषूले भन्नुभयो, “धन्यवाद” परमेष्वरलाई अनि आषिश दिनुहोस् भनी भने।



प्रार्थना गरेपछि येषूले भाँचेर चेलाहरूलाई दिनुभयो अनि मानिसहरूलाई बाँड्न लाउनुभयो◌े। त्यहाँ मानिसहरूले येषूको आष्चर्यकाम देखे। हरेक व्यक्तिले चाहेको जति खाए अनि पूर्णरूपले ती रोटी अनि माछा खतम गर्न सकेनन्।



सबैले खाएपछि त्यहाँ अझै रोटी अनि माछा उब्रेका थिए। येषूले चेलाहरूलाई भन्नुभयो, ‘‘सबै उठाऊ, एउटै पनि खेरो नजाओस्।’’ खाएर उब्रेका रोटी अनि माछा तिनीहरूले बाह्र टोकरी बटुले।



त्यस दिन येषूले सानो ठिटोको खानाबाट पाँच हजार मानिसहरूलाई खुवाए। अर्को दिन, सात रोटी अनि केही माछाले चार हजार मानिसहरूलाई खुवाए। जब साधारण मानिसहरूले यो चिन्ह देखे तब तिनीहरू फरिसीझैं रिसाएनन्। यसको सट्टामा तिनीहरूले भने, “उहाँ साँच्चैनै अगमवक्ता हुनुहुन्छ जो संसारको लागि आउनुभएको हो।” परमेष्वरको पवित्र वचन पूरा गर्न उद्धारकर् हो भनी तिनीहरूलाई थाह थियो।



# येषूले पाँच हजार मानिसहरूलाई खुवाउनुभयो

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

## यूहन्ना 6

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”**

**भजनसंग्रह ११९:१३०**

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६